annapurnapost.com
अन्नपूर्ण पोस्ट

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बागमती प्रदेश,
हेटौंडा, मकवानपुर

## डिप बोरिङ्ग निर्माण कार्यका लागी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०५/१६

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि बिकास निर्देशनालय, वागमति प्रदेश, हेटौंडाको आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिँचित क्षेत्र बिस्तारका लागि डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७६ अनुसार डिप बोरिङ्ग निर्माण कार्यका लागी इच्छुक यस प्रदेशका कृषक समुह, कृषि सहकारी संस्था, कृषि फार्म, कृषि उधमी, स्थानीय उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको ३० औं दिन मिति २०७८/०६/१४ सम्ममा कार्यालय समय भित्र निर्देशनालयमा आई पुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदनसाथ प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

(१) १०।– को हुलाक टिकट टाँस गरेको निवेदन,
(२) अनुसुची २ बमोजिमको बिवरण तथा सो बिवरणको पुस्टयाँई गर्ने कागजातहरु
(३) उपभोक्ता समितीको हकमा पदिधिकारीहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
(४) संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) तथा गत आ.ब.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिप,
(५) प्रस्तावकले लागत साझेदारी गर्ने र अन्यनिकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धतापत्र,
(६) प्रदेश लेखा नियन्त्रणा कार्यालय, हेटौंडाको राष्टिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता न १३००१००२०२०३००००, मा, धरौटी जम्मा गर्न पठाउने कार्यालय कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर कार्यालय कोड नं. ३१२०१३२०१३) जनाएर प्रती हेक्टर रु१०००। का दरले रकम जम्मा गरेको सक्कल भौचर एक प्रति
(७) समुह वा संस्थाको हकमा समितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

नोटः आवेदकले निवेदनको साथमा हालसम्म अनुदान लिएको वा नलिएको स्वघोषणाको पत्र पेश गर्नु पर्नेछ। कार्यविधिहरु संशोधन भएको खण्डमा संशोधित कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गरिने छ। कार्यक्रम कार्यान्वयनको क्रममा वाधा अड्चन श्रृजना भएमा कार्यक्रम रद्ध गर्ने सर्वाधिकार कार्यालयमा निहित रहनेछ।

पुनश्चः सम्वन्धित कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेव साईट www.molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको बेव साईट www.doad.bagamati.gov.np बाट डाउन लोड गर्न सकिनेछ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४४८१२०७, फ्याक्स : ४४८२